# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल

# SUNDARBAZAR MUNICIPALITY
## Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal


पत्र संख्या: २०८०।८१ मिति: २०८१।०३।३१

**"विज्ञापन कर वापतको रकम उठाउने कार्यको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी"**

## सूचना ! सूचना !! सूचना !!!

**(लागू हुने मिति : २०८१/०३/३१)**

सुन्दरबजार नगरपालिका क्षेत्र भित्र राखिने विभिन्न प्रकारका प्रचार प्रसारका सामाग्रीहरुको कर (विज्ञापन कर) को शुल्क उठाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन यो १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**ठेक्का विवरण**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | वडा नं. | न्यूनतम वार्षिक कबोल रकम | अवधि | फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १) | ६ २०८०।०८१ | प्रचार प्रसारका सामाग्रीहरु (विज्ञापन कर) को शुल्क उठाउने कार्य | सबै वडाहरु | १,५०,०००।०० (मू अ कर बाहेक) | तीन वर्ष | १०००।- |

**तपसिल**

१. ठेक्काको अवधी बोलपत्र स्वीकृत भई सम्बन्धित फर्मसँग नगरपालिकाले गरेको सम्झौतामा उल्लेख गरेको अवधि अनुसार हुनेछ।

२. सुन्दरबजार नगरपालिकाले प्रचार प्रसारका सामाग्रीहरुको लागि तपसिल बमोजिमको दररेट निर्धारण गरेकाले सम्बन्धित पक्षसँग सो भन्दा बढी रकम असूल गर्न पाइने छैन ।

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | होर्डिङबोर्ड, फ्लेक्स बोर्ड, २५ वर्गफीट सम्म प्रति वर्गफुट | ५५।०० | |
| २. | होर्डिङबोर्ड, फ्लेक्स बोर्ड,२५ वर्गफीट भन्दा माथि प्रति वर्गफुट | ८५।०० | |
| ३. | डिजिटल बोर्ड,ग्लोबोर्ड, विद्युतीय बोर्ड | १००।०० | |
| ४. | भित्ते लेखन, सटर पेन्टिङ प्रति वर्गफुट | २५।०० | |
| ५. | सार्वजनिक स्थानमा स्वीकृति लिएमा मात्र विज्ञापन गर्न प्रति वर्ग फुट | ८५।०० | |
| ६. | पोल ब्यानर, बन्टिङ ब्यानर प्रतिहप्ता | १५०।०० | |
| ७. | स्टल, स्वागतद्वार प्रतिगोटा | १०००।०० | |

३. विज्ञापन कर सम्बन्धमा दोस्रो र तेस्रो आर्थिक वर्षको ठेक्का रकमको लागि अघिल्लो आर्थिक वर्षको ठेक्का रकमको १० प्रतिशतका दरले थप हुँदै जानेछ ।

४. नेपाल सरकार तथा यस कार्यालयबाट निषेध गरिएका सामानहरु तथा सूर्तीजन्य, मदिराजन्य सामानहरुको विज्ञापन राख्न वा प्रचार प्रसार गर्न पाइने छैन ।

५. राजनैतिक, धार्मिक वा सामाजिक उद्देश्यको ब्यानर ७ दिनसम्म निशुल्क राख्न दिइनेछ ।

६. जनचेतनामुलक खालका विज्ञापनमा कर लाग्ने छैन । साथै, विज्ञापन राख्न नगरपालिकाबाट पुर्व स्वीकृति लिनुपर्नेछ ।

७. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा ने.बैक.लि, सुन्दरबजारमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ १५३०३००००१००१००००१ मा नगद

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल
SUNDARBAZAR MUNICIPALITY
Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

८. जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **पन्धौं दिन**सम्म कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

९. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कवोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम ने.बै. लि, सुन्दरबजारमा रहेको धरौटी खाता नं. १५३०३००००३००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

१०. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं./मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई यो सूचना प्रकाशित भएको मितिले **सोहौं दिनको** १२:०० बजेभित्र माथि उल्लेखित सबै कागजातको प्रमाणित प्रतिलिपीका साथ यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

११. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै, बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

१२. बोलपत्र स्वीकृत भएमा सोको जानकारी गराइनेछ । सम्झौताका लागि बोलपत्रदाताले कवोल गरेको पुरै रकमको मुल्य अभिबृद्धि कर (भ्याट १३%) तथा नेपाल सरकारलाई बुझाउनु पर्ने अन्य करहरु चुक्ता गरेको सक्कलै बैंक भौचर समेत लिई कार्यालयमा उपस्थित हुनु पर्नेछ । किस्ताका आधारमा रकम बुझाउने भए प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५०% ले हुने रकमको हकमा २०८२ आश्विन मसान्तसम्म अवधि भएको बाणिज्य बैंक अन्तर्गत क वर्गको बैंकबाट जारी भएको सक्कलै बैंक जमानी पत्र (परफर्मेन्स वण्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ । दोस्रो किस्ता रकम यस आ.व.को चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ ।

१३. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोहीबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुग वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. तोकिएको म्याद भित्र सम्पर्क हुन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।

१५. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेको बोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

१६. ठेक्काको सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले छेकथुन गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा पुनः सुचना गर्न सकिनेछ ।

१७. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१८. "स्थानीय सरकार संचालन ऐन, २०७४", तथा अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहनेछन् ।

..............................
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Tel : +977-66-402226, Fax : +977-66-402059 | E-mail : sundarbazarmun@gmail.com | Website : www.sundarbazarmun.gov.np